# तेह्रथुम पावर कम्पनी लिमिटेड

## बतिसपुतली, काठमाडौं

## सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०९/०३**

यस तेह्रथुम पावर कम्पनी लिमिटेडको मिति २०८१/०९/०२ गते बसेको सञ्चालक समितिको ४७ औं बैठकले निर्णय गरेबमोजिम यस कम्पनीको सातौं वार्षिक साधारणसभा तपसिलको मिति, समय र स्थानमा देहायका प्रस्तावहरुमा छलफल गरी निर्णय पारित गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभाव तथा सरोकारवालाहरुको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ। अतः सम्पूर्ण शेयरधनी तथा सरोकारवाला व्यक्तिहरुलाई साधारणसभामा उपस्थित भइदिन हुन सादर अनुरोध गदर्छौं।

**साधारणसभा हुने मिति, समय र स्थानः**

मिति : २०८१ पौष २६ गते शुक्रवार।

स्थान : वैभव पार्टी भेन्यू, मैतिदेवी, काठमाण्डौं।

समय : दिनको १२:३० बजे।

**छलफलका लागि प्रस्तावित विषयहरुः**

१. आ.व. २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा।

२. लेखा परिक्षण प्रतिवेदन सहितको आषाढ ३१, २०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत वित्तिय विवरणहरु छलफल गरि स्वीकृत गर्ने सम्बन्धमा।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ का लागि बाह्य लेखापरीक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

४. कम्पनी ऐनको दफा ७८ बमोजिमको विवरण सम्बन्धमा।

५. उपरोक्त प्रस्तावहरु स्वीकृती एवम् अभिलेखको लागि पेश गर्दा नियमनकारी निकाय वा कार्यालयबाट कुनै पनि बिषयमा संशोधन, परिवर्तन तथा कुनै पनि किसिमको निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्ने लगायतका आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने बारे।

**६. विविध**

## साधारण सभा सम्बन्धी थप जानकारी

१. सभामा भाग लिन आउनुहुने महानुभावहरुले प्रवेश पत्र देखाएर मात्र सभाकक्षमा प्रवेश गर्न पाइनेछ। प्रवेश-पत्र कम्पनीको रजिष्टर्ड कार्यालय, बत्तीसपुतली, काठमाडौंमा सम्पर्क गरी प्राप्त गर्न सक्नु हुनेछ।

२. साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको, सम्पूर्ण शेयरको प्रतिनिधि एउटै ब्यक्ति हुने गरी, प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गरी सभा शुरु हुनुभन्दा ४८ घण्टा पहिले अर्थात् मिति २०८१/०९/२३ गते दिनको ४:०० बजे बजे भित्र ईमेल मार्फत वा लिखित रुपमा यस कम्पनीमा दर्ता गराई सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति कम्पनीको बुक क्लोज हुनु अगाडीको शेयरधनी हुनु अनिवार्य छ।

३. सातौ बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१ पौष १६ गते देखि मिति २०८१ पौष २६ गते सम्म शेयरधनी दर्ता किताब बन्द रहनेछ। उक्त मिति भन्दा अघिल्लो दिनसम्म श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई मिति २०८१ पौष १५ गते भित्र यस कम्पनीका शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नक्साल, काठमाण्डौमा दाखिल खारेजका लागि प्राप्त नामसारीबाट कायम रहेका शेयरधनीहरु मात्र साधारण सभामा भाग लिनका लागि योग्य हुनेछन्।

४. एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयरदर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ। कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयर वालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ।

५. कुनै शेयरधनी महानुभावले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ।

६. साधारणसभा सम्बन्धी अन्य विस्तृत जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, हाल बतिसपुतलीमा कार्यालय समयभित्र सम्पर्क राख्नहुन अनुरोध गरिन्छ।

**सञ्चालक समितिको आज्ञाले**
**दिपक बस्नेत, कम्पनी सचिव**